# अन्नपूर्ण गाउँपालिका
## Annapurna Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of The Rural Municipal Executive
माछापोखरी, कास्की (Machhapokhari,Kaski)

गण्डकी प्रदेश,नेपाल
Gandaki Province,Nepal

पत्र संख्या: ०७९/०८०
च.नं.: ६५२

मितिः २०७९/१०/१८

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माछापोखरी कास्की
गण्डकी प्रदेश नेपाल
२०७३

श्री सरोकारवालाहरू (सबै),
अन्नपूर्ण गाउँपालिका, कास्की ।

**बिषयः जानकारी सम्बन्धमा ।**

प्रस्तुत विषयमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको चलानी नं. ८३ मिति २०७९/१०/१७ गतेको प्राप्त पत्रानुसार मिति २०७९ साल वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उमेदवार भई कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको बिवरण तोकिएको मितिमा नबुझाई जरिवाना तोकिएका उम्मेदवारहरुले मिति २०७९/१०/२० गते कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा उपस्थित भइ जरिवाना रकम मिनाहाको लागि निवेदनमा दस्तखत गरिदिनुहुन जानकारी गराइन्छ ।

२०७९/१०/१८

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

# गाउँपालिका राष्ट्रिय महासंघ नेपाल

**National Association of Rural Municipalities in Nepal (NARMIN)**


चलानी नं. ८३

मिति: २०७९।१०।१७

**श्री अध्यक्षज्यू**
सबै ४६० गाउँपालिकाहरु

**विषय: निवेदन सङ्कलन गरी पठाउने सम्बन्धमा**

उपरोक्त सम्बन्धमा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानुनबमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको बिवरण नबुझाउने उम्मेदवारलाई कारवाही गर्ने सम्बन्धमा निर्वाचन आयोग नेपालले तोकेको जरिवाना अत्यन्त अव्यवहारिक र अन्यायपूर्ण रहेकोमा उक्त जरिवाना रकम मिनाहा गराउन यस गाउँपालिका राष्ट्रिय महासंघले पर्याप्त प्रयत्न गरिरहेको व्यहोरा अवगत गराउन चाहान्छौं । निर्वाचन आयोगले तोकेको जरिवाना २०७९ फागुन मसान्तसम्म नबुझाएमा २०७९ चैत्र १ गतेबाट निर्वाचित पदसमेत खारेज हुने निर्णयसमेत गरिसकेकोले त्यस अगावै यस समस्याको उचित समाधान खोज्नै पर्दछ ।

यस सम्बन्धमा सरोकारवालाहरुसँग भएका निरन्तर सम्बाद र परामर्शअनुसार सम्माननीय राष्ट्रपतिसमक्ष कारवाहीमा परेका सबै १,२३,६२४ जना नै उमेदवारहरुबाट आफूलाई तोकिएको जरिवाना मिनाहाको लागि सामुहिकरुपमा अनुरोध गर्ने, नेपाल सरकारबाट यही सामुहिक निवेदनको आधारमा सम्माननीय राष्ट्रपतिलाई मिनाहाको लागि अनुरोध गर्ने र सम्माननीय राष्ट्रपतिज्यूबाट मिनाहा दिने प्रकृया नै अहिलेको लागि उचित विकल्प देखिएकोले तहाँ गाउँपालिका अन्तर्गत उक्त निर्वाचनमा उमेदवार भएका तर खर्च विवरण नबुझाई जरिवाना तोकिएका सबै उमेदवारहरुको निवेदन यसैसाथ संलग्न तालिकाबमोजिम तयार पारी २ दिन भित्र सोको कपी तपसिलमा उल्लिखित ईमेलमा पठाउन हुन र सोको सक्कलै कपी ५ दिन भित्र महासंघको तपसिलमा उल्लिखित कार्यालयमा आइपुग्नेगरी पठाउन हुन हार्दिक अनुरोध गर्दछौं ।

पुनश्च: यस कार्यलाई अत्यन्तै प्राथमिकतामा राखी तोकिएको समयभित्र विवरण पठाउन हुन अनुरोध छ र तहाँ गाउँपालिका अन्तर्गत जरिवाना तोकिएका कुनै पनि उमेदवार नछुट्ने तर्फ ध्यान दिनु हुन अनुरोध छ ।

लक्ष्मीदेवी पाण्डे
अध्यक्ष

तयार गरिएको विवरण ईमेल र सक्कल कपी पठाउनको लागि सम्पर्क व्यक्ति, सम्पर्क नम्बर र इमेल ठेगाना बेग्लै पेजमा समावेश गरिएको छ ।

Official Email: info@narmin.org.np